# लिखु तामाकोशी गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः४ संख्याः८ मितिः २०७७/०६/१९

### भाग-१

### लिखु तामाकोशी गाउँपालिका

## स्थानीय स्वास्थ्य तथा सरसफाई सेवा ऐन - २०७७

प्रमाणीकरण मितिः २०७७/०६/१९

**प्रस्तावनाः** स्थानीय वासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा गाउँपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सो को व्यवस्थापनमा स्पष्ट कानुनी व्यवस्था गरि कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा २२१ अनुसार सोही संविधानको अनुसूची ८ को सूची नं. ९ र १० का अधिकारहरुलाई कार्यान्वयन गर्न" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम गाउँसभाले यो ऐन तर्जुमा गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यस ऐनलाई " **स्थानीय स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७७"** भनिनेछ।

(ख) यो ऐन गाउँ सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"ऐन"** भन्नाले लिखु तामाकोशी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन २०७४ लाई सम्झनु पर्छ।

(ख) **"संघीय ऐन"** भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ।

(ग) "**कार्यपालिका**" भन्नाले लिखु तामाकोशी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) **"सरकारी वा सामुदायिक"** भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(ङ) **"निजी"** भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ।

(च) **"ट्रष्ट वा लोककल्याणकारी"** भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(छ) **"व्यवस्थापन समिति"** भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(ज) **"अनुगमन समिति"** भन्नाले दफा ७ अनुसार गाउँपालिकामा गठिन स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिलाई सम्झनु पर्दछ।

(झ) **"स्वास्थ्य संस्था"** भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीलाई सम्झनु पर्दछ।

## परिच्छेदः २
## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरुः** स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन

(क) **सरकारी वा सामुदायिकः** सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, आयूर्वेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन्।

(ख) **निजीः** निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन्।

(ग) **ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थः** ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ।

**४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्डः** स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे वमोजिम हुने छ।

**५. स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समिति गठन, काम, कर्तव्य र अधिकार**

(१) स्थानीय गाउँपालिका भित्र रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको रेखदेख र अनुगमन गर्न स्थानीय स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको गठन गरिने छ। यस समितिको गठन यस प्रकार हुने छः

(क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ख) स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य -सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ङ) मेडिकल अधिकृत - सदस्य

(च)स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

आवश्यकता अनुसार अध्यक्षद्वारा विज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ।

(२) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ।

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाइ योजना तयार गर्ने।

(ख) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य सेवा प्रदायक संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने।

(ग) स्वास्थ्य सेवा प्रदायक संस्था व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने।

(ङ) स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने।

(ज) गाउँ कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने।

(झ)तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने।

ञ) निजि स्वास्थ्य संस्था बाट निस्कने फोहोर बस्तुहरुको ब्यवस्थापन गर्न लगाउने र अनुगमन गर्ने।

**६. स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकारः** (१) सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी (स्वास्थ्य संस्था व्यवस्थापन समिति) ब्यवस्थापनका लागि देहायका देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टाछुट्टै ब्यवस्थापन समिति गठन गरिने छ।

क)गाउँपालिका अध्यक्षः -संरक्षक
ख) सम्वन्धित वडाको वडाध्यक्ष –अध्यक्ष
ग) स्वास्थ्य क्षेत्रमा क्रियाशिल मध्ये संरक्षक वाट मनोनित महिला १ जना -सदस्य
घ) स्वास्थ्य संस्था नजिकको उच्चतम विद्यालयको प्रधानाध्यापक – सदस्य

ङ) सम्बन्धित वडाको वडा सचिव -सदस्य
च) सम्वन्धित स्वास्थ्य संस्थाको प्रमुख -सदस्य सचिव

(२) स्वास्थ्य संस्था ब्यवस्थापन समितिका काम कर्तब्य निम्नानुसार हुनेछन् :

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा पेश गर्ने।

ख) व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने।

(ग) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम संचालन गर्ने।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने।

(ङ) स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने।

(च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(छ) सम्बन्धित स्वास्थ्य संस्थावाट प्रदान गरिनुपर्ने सेवाहरु नियमित सुचारु गर्न आवश्यक सहजिकरण गर्ने र समस्या समाधानका लागि पहल गर्ने।

**७. बैंक खाता संचालनः** हरेक स्वास्थ्य संस्थाले बैंक खाता खोल्नुपर्नेछ ।

(१) स्वास्थ्य संस्थाको बैंक खाता ब्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण गाउँपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद-३
## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

### ८. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड

(१) **अस्पताल:** गाउँपालिका आफैले ताकिएको मापदण्डमा १५ शैय्यासम्म क्षमताको अस्पताल संचालन गर्न सक्नेछ। यस्तो अस्पताल संचालन गर्न गाउँपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी संचालन गर्नेछ।

(२) **प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी:** गाउँपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पुरा गरी प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, गाउँ स्वास्थ्य केन्द्र संचालन गर्नुपर्नेछ:

**(क) जनशक्ति:**

**१) स्वास्थ्य चौकीमा:** स्वास्थ्य सहायक (हेल्थ असिस्टेण्ट) १ जना, अहेव २ जना, अनमी २ जना, कार्यालय सहयोगी १ जना, आवश्यकता अनुसार अन्य कर्मचारीहरु।

**२) प्राथमिक स्वास्थ्य केन्द्र:** मेडिकल अधिकृत १ जना, स्वास्थ्य सहायक हेल्थ असिस्टेण्ट) १ जना, अ.हे.व २ जना, स्टाफ नर्स १, अ.न.मी. ३, ल्याव असिस्टेण्ट १, कार्यालय सहयोगी २, खरिदार १, आवश्यकता अनुसार अन्य कर्मचारीहरु।

३) गाउँ स्वास्थ्य केन्द्र: हे.अ./अ.हे.व-१, अ.न.मी /स्टाफ नर्स १, का.स. १

(ख) **भवन कोठा:** प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन

(ग) **उपकरण:** प्राथमिक उपचारका आधारभूत उपकरण,

(३) गाउँपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाममुलक र वैकल्पिक चिकित्सा सेवा को प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँको साझेदारीमा गाउँपालिका आफैंले कम्तीमा एउटा आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ।

### ९. निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने :

(१) गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल संचालन गर्न चाहेमा १० शैय्या सम्मको संचालन अनुमति गाउँपालिकाले दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतीको लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृति प्रदान गर्न सक्नेगरी आशय पत्र प्रदान गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्नेछ।

(४) उपदफा (३) को आधारमा गाउँ कार्यपालिकाले ३ महिना भित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ।

(५) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि गाउँ कार्यपालिकामा निवेदन दिनु पर्नेछ

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमती प्रदान गर्न सक्नेछ।

(७) आशयपत्रमा उल्लेख गरिएको समयसिमा भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाईएमा स्वीकृति प्रदान नगर्न सकिनेछ।

**१०. अस्पताल संचालन गर्न आवश्यक मापदण्डः** गाउँपालिकाको स्वीकृतिमा संचालन हुने अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ।

**(१) जनशक्तिः** कम्तिमा ३ जना एकजना विशेषज्ञ सहित २ एमविविएस डाक्टर, कम्तिमा ४ जना स्टाफ नर्स, हे.अ./अ.हे.व कम्तिमा ४ जना कम्तिमा २ जना ल्याव टेक्निसियन/ल्याव असिस्टेन्ट र आवश्यक मात्रमा सहायक र सहयोगी स्वास्थ्यकर्मी

**(२) भवन तथा कोठाः** दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने वार्ड, क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ,

**(३) उपकरण र पूर्वाधारः** सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापनको प्रणाली भएको हुनुपर्ने।

**११. पोलिक्लिनिक संचालनको अनुमतिः**

(१) गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पालिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ।

(२) स्वास्थ्य सेवा प्रदायक संस्था गाउँपालिकाले अधिग्रहण गर्न सक्नेः

गाउँपालिकाभित्र मापदण्ड पुयाएर सञ्चालनमा रहेका सामुदायिक, निजि वा ट्रस्टद्वारा सञ्चालितस्वास्थ्य संस्था आवश्यक भएमा गाउँपालिका र सम्बन्धित संस्था आवश्यक भएमा गाउँपालिका र सम्बन्धित संस्था दुवै पक्षको सहमतिमा निर्धारित शर्तहरुको अधीनमा रहने गरी गाउँपालिकाले अधिग्रहण गरी आफैले सञ्चालन गर्न सक्नेछ

**१२. प्रयोगशाला वा ल्याबोरेटोरी संचालनः** व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृती लिनु पर्नेछ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र

(२) प्रयोगशाला वा ल्याबोरेटोरी संचालन गर्ने स्थान, घरधनी र संचालकबीचको घरभाडा सम्बन्धी संझौता पत्र

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

(६) प्रस्तावित लागत

(७) सेवा शुल्कको विवरण

**१३. फार्मेसी संचालनको अनुमतिः** (१) गाउँपालिका क्षेत्रभित्र फार्मेसी संचालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमती लिनु पर्नेछ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त ब्यक्ति सञ्चालक रहने गरी फार्मेशी सञ्चालन गर्ने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमती दिन सक्नेछ।

**१४. मापदण्ड पूरा नगरेमा सजाय हुनेः** (१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर

विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका व्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सो को आम जनतालाई जानकारी दिइने।

(२) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी वाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने।

**१५. सहलियत र छुटको व्यवस्था गर्नुपर्नेः** निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क गाउँपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ।

## परिच्छेद- ४
## स्वास्थ्यकर्मी तथा स्वास्थय स्वयमसेवा सम्बन्धी व्यवस्था

**१६. स्वास्थ्यकर्मीको व्यवस्थापनः** गाउँपालिका भित्रका सरकारी र सामुदायीक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन्।

(१) **स्थायीः** नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(२) **करारः** स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

(३) **अभ्यासकर्ताः** स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा गाउँपालिकाले भर्ना गर्न सक्ने छ। यस्ता अभ्यासकर्तालाई वढीमा १ वर्षको लागि भर्ना गर्न सकिने छ।

(४) **स्वास्थ्य अभियानकर्ता र स्वयंसेविका**

१७. **अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको ब्यबस्था:** स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउने स्वास्थ्य आमा समुहको सिफारिसमा पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियूक्त गर्न सक्नेछ।

(१) महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरु नियूक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम १० कक्षा अध्ययन गरेको सम्वन्धित टोलमा नियमित वसोवास गर्ने त्यस वडाको विवाहित नागरिक हुनुपर्ने छ।

(२) एउटा वडामा अधिकतम संख्या १० हुने गरी औसत प्रति ३०० जनसंख्याको लागि १ जना महिला स्वयंसेविका र १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले गाउँपालिका समक्ष गर्नसक्ने छ।

(३) प्रत्येक स्वयंसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्वन्धी ९ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ। गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ।

यसभन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेवीकाहरु मध्ये निरक्षर र ५८ बर्ष उमेर पुगेकालाई सम्मानजनक बिदाइ गरिने छ र नयाँ नियुत्ति गर्दा कम्तिमा १० कक्षा उतिर्णलाई मात्र नियुति दिइने छ।

(५) महिला स्वास्थ्य स्वयंसेविका र पुरुष अभियानकर्ताको कार्यसम्पादन सन्तोषजनक भए नभएको मुल्याङ्कन गर्ने जिम्वेवारी सम्बन्धित वडाको स्वास्थ्य संस्थाको हुनेछ। कार्यसम्पादन सन्तोषजनक नभएमा सम्बन्धित स्वास्थ्य संस्थाको सिफारिसमा गाउँपालिकाले निजलाई हटाई रिक्तस्थानमा नयाँ स्वयंसेविका, अभियानकर्ता नियुक्त गर्न सक्नेछ।

**१८. स्वास्थ्यकर्मीको सेवा सुविधा:**(१) **स्थायी स्वास्थ्यकर्मी:** नेपाल सररकारले तोकेको स्केल वमोजिम तलव र स्थानीय गाउँ कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा

(२) **करार स्वास्थ्यकर्मी:** प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ।

(३) **अभ्यासकर्ता स्वास्थ्यकर्मी:** निर्वाह भत्ताको रुपमा सम्वन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको दुई तिहाई रकमसम्म उपलब्ध गराउन सकिने छ।

(४) **अभियानकर्ता/स्वयंसेविका:** पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी

अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ।

५) २४ सै घन्टा सेवा दिनु पर्ने स्वास्थ्य संस्थाहरुमा हप्ताको ४० घन्टा भन्दा वढि काम गरेमा वा सार्वजनिक विदाको दिनमा काम गरेमा सट्टा विदा/अतिरिक्त सेवा विदा पाउने छन यस्तो विदा ३ महिना भित्रमा पालो मिलाइ लिनु पर्ने छ यदि सो विदा ३ महिना भित्र लिन नमिलेमा जम्मा संचित दिन वरावरको रकम पाउने छन।

**१९. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियूक्तिः** सामुदायीक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी गाउँकार्यपालिकाले निर्धारण गर्ने छ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन्। समायोजनमा नआएका कर्मचारीहरुको हकमा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्ने छ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ।

(क) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) गाउँ कार्यपालिकाले तोकेको कम्तीमा स्नातक उतिर्ण १ जना - सदस्य

(ग) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(३) छनौट समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**२०. कर्मचारी सरुवाः** (१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम २ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा हुन सक्ने छ। विशेष परिस्थिती बाहेक न्यूनतम १ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम १ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा गाउँपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन्। यसरी प्राप्त निवेदनका आधारमा गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ।

**२१. कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने:** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाउँपालिका प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ। करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले तयार पारी गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ।

**२२. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार:** (१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नु पर्दछ ।

(२) कार्यसम्पादन सम्झौंताको मूल्याङ्कन, पुरस्कार र सजाय गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद-५
## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

**२३. वार्षिक खरिद योजना बनाउनु पर्ने:**

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ।

**२४. औषधी तथा स्वास्थ्य उपकरण खरिदः** (१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अघि वढाउने छ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ।

**२५. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारणः**(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको ब्यवस्था गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउने छ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नुपर्ने छ। खरिदको परिमाण निर्धारण सम्वन्धित वडा समितिले माग गरे वमोजिम २०% मा नवढाइकन गर्नुपर्ने छ।

(३) गाउँपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको १ हप्ताभित्र सार्वजनिक गर्नुपर्ने छ।

(४) सम्वन्धित सामुदायकि स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित वडा समिति मार्फत गाउँपालिकामा बुझाउनु पर्नेछ।

## परिच्छेद - ६
## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

**२६. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्नेः** (१) गाउँपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ। स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरि सो अनुरुप कार्य गराउन निर्देशन दिने छ।

**२७. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापनः** (१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ।

(२) आबश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निमाण गरि संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ।

**२८. सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमनः** (१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु, जल, स्थल, तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक ब्यवस्था मिलाउने छ।

(२) प्रदुषण वढाउने उद्योग, संस्थान वा ब्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्ने छ।

(३) सिफारिस वमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ।

## परिच्छेद - ७
## महामारी रोगथाम, फोहोरमैला व्यवस्थाप सम्बन्धी व्यवस्था

**२९. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्नेः** (१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको सामुदायीक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ।

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ५ दिन भित्र नजिकको सामुदायीक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ।

**३०. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्नेः** (१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सोको प्रभाव क्षेत्र निक्र्यौल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ।

(२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ।

**३१. सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः** (१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमती लिनु पर्नेछ।

(२) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न बन्देज लगाइने छ।

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ। विद्यालय, सरकारी कार्यालय, हाटवजार जस्ता क्षेत्रहरुको निश्चित दुरी भित्र धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गर्न सक्नेछ।

**३२. सरसफाइ सम्बन्धि कार्यक्रम तथा फोहोर मैला व्यवस्थापनः** (१) गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले ब्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराउनु पर्ने छ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरु परिचालन गरि सवै घरपरिवारसम्म वितरण गर्नेछन्।

(३) घर निमार्ण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य ब्यवस्था भएको हुनुपर्ने छ।

(४) एक परिवारको सौचालय, ढल र फोहरमैला ब्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुर्याउने परिवारले तिर्नुपर्ने छ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहरमैला पुनप्रयोग गरि कम्पोष्ट मल बनाइएको अवस्थामा गाउँ कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्ने छ।

## परिच्छेद - ८
## विविध

**३३. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिसः** १.) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द स्थापनाका लागि सम्वन्धित वडा र गाउँपालिकाबाट सिफरिस लिनुपर्ने छ।

(२) उपदाफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ।

(३) सिफारिसका लागि गाउँपालिकाको आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ।

**३४. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनुपर्ने** स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्ने छ।

**३५.** आमा समूह, धामीझाँक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ।

**३६.** गाउँपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा गाउँपालिका समक्ष बुझाउनु पर्नेछ।

**३७.** गाउँपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी ब्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र ब्यक्तिहरुसँग बिभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ।

**३८. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून वमोजिम पुनरावेदन लाग्नेछ।

**३९. नियम बनाउने अधिकारः**(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ।

**४०. संक्रमणकालीन व्यवस्था:** यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

**४१. बाधा अडकाउ फुकाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ। तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ।

**४२. बचाउ र लागू नहने:** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन्।

**४३.** ऐनको कार्यान्वयनमा सूचना प्रविधिको प्रयोग ऐनको प्रभावकारी कार्यान्वयनका लागि IoT को प्रयोग गरिनेछ।

लिखु तामाकोशी गाउँपालिकाको गाउँसभाको बैठकबाट मिति २०७७/०६/१९ गते पारित यो ऐन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १९ को उपदफा ८ बमोजिम प्रमाणित गर्दछु।

(गोविन्द बहादुर खड्का)

मिति:- २०७७/०६/१९ अध्यक्ष